म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १९० मंगलबार, १२ फागुन २०८२ ने. सं. ११४६ चिल्लाथ्व 24 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*
विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसँगै सरेको जानकारी गराउँदछौं ।
प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

### मतदान धेरै गरियो, अब मतक्रान्ति गरौं: सभापति लामिछाने

## '२०४६ पछिका सबै काण्डको छानबीन हुन्छ'

मनिल महतो

हेटौंडा, ११ फागुन/ राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले फागुन २१ गते मतक्रान्ति गर्नुपर्ने बताएका छन् ।

सोमबार साँझ हेटौंडामा भएको परिवर्तनको उद्घोषसभालाई सम्बोधन गर्दै सभापति लामिछानेले नेपाली जनताले विगतमा मतदान धेरै गरिसकेकोले अब मतक्रान्ति गर्नुपर्ने जिकिर गरेका छन् । निर्धारित समयभन्दा झण्डै साढे ३ घण्टा ढिलो कार्यक्रममा उपस्थित भएका उनले लोकतन्त्रमा सबैभन्दा महत्वपूर्ण कुरा मतदान भएको बताए । चुनाव सार्न खोज्ने पक्षतर्फ लक्षित गर्दै उनले २-४ दिननजिक चुनाव सार्न समेत व्यङ्ग्य गरे । चुनावको परिणाम रास्वपालाई स्वीकार्य रहेको उनको भनाई छ । सभापति लामिछानले लोकतन्त्रको महान उत्सवमा सहभागी हुन राजनीतिक दलहरुलाई आह्वान गरे ।



उनले भने, 'लोकतन्त्रमा सबैभन्दा महत्वपूर्ण कुरा जनताको मत हो । जनता अहिले मत हाल्न तयार छन् । कुनैपनि दलले निहुँ खोज्ने काम गर्नु हुँदैन रास्वपाले जस्तो मत परिणाम आएपनि स्वीकार गर्छ । एक नम्बर बनाए एक नम्बर, जिरो नम्बर बनाए जिरो नम्बर, हामीलाई स्वीकार्य छ ।' आफूहरुसँग निहुँ नखोज्न उनले दलहरुलाई चेतावनी दिए । सभापति लामिछानले आफ्नो संगठन, एजेण्डाप्रति विश्वास भए शान्तिपूर्ण निर्वाचनको वातावरण बनाउन दलहरुलाई आग्रह गरे । जनता जिताउने युगलाई सदुपयोग गर्नुपर्नेमा उनले जोड दिए ।

सभापति लामिछानले आफ्नो पार्टीको नेतृत्वमा सरकार गठन भए कानुनी राज्य स्थापना गर्ने बताए । अकाट्य प्रमाणलाई रास्वपाले एआई नभन्ने उनले टिप्पणी गरे । सभापति लामिछानेले २०४६ सालपछिका सम्पूर्ण काण्डको छानबीन निष्पक्ष ढंगले गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । देशलाई कंगाल बनाएर विदेशमा लुकाइएका सम्पूर्ण सम्पत्तिको छानबीन गर्ने उनले दाबी गरे । सभापति लामिछानेले कुनै राजनीतिक दलप्रति पनि प्रतिशोध नराख्ने बताए । उनले आफ्नो दलको सरकार बनेको खण्डमा राम्रो काम गर्ने डराउन नपर्ने बताए । 'जसले बिराएको छैन, उसले डराउनु पर्दैन,' उनले भने, 'जसले बिराएको छ, त्यसलाई हामी छोड्दैनौं । किनकी सुशासन हाम्रो पहिलो प्राथमिकता हो ।'

सभापति लामिछानेले आगामी दिनमा शिक्षकलाई राजनीतिक दलको भोट बैंक बन्न नदिने स्पष्ट पारे । उनले संगठनको नाममा भोट बैंक बनाउने प्रवृत्तिको अन्त्य गर्ने दावी गरे । शिक्षाक्षेत्रलाई राजनीतिबाट मुक्त राख्नुपर्ने बताउँदै उनले शिक्षानीति विद्यार्थीको हितमा बन्नुपर्ने प्रष्ट पारे । त्यो जिम्मेवारी रास्वपा सरकारले लिने उनको भनाइ थियो ।

'देशमा भएका ठूला भष्ट्राचारको फाइल खोल्न रास्वपाको सरकार बन्नुपर्छ,' उनले भने, 'त्यसकारण निर्णय र फैसला गर्ने दिन फागुन २१ गते नै हो । तपाईंहरुले गर्ने निर्णयले नै देशको भविष्य निर्धारण गर्ने हो । रास्वपा सरकारले निष्पक्षरुपमा छानबीन गर्छ ।'

यस्तै लामिछानेले आफ्नो पार्टीको सरकार बनेपछि किसानलाई मल, बीउ र बजारको सुनिश्चितता गर्ने प्रतिबद्धता जनाए । सम्बोधनका क्रममा सभापति लामिछानेले हेटौंडा सिमेन्ट उद्योगको सन्दर्भ उठाउँदै उद्योगलाई राजनीतिक भर्तीकेन्द्र बनाइँदा समस्या भएको जिकिर गरे । 'योग्य र क्षमतावान नेतृत्व आए उद्योग नाफामा जान्छन्,' उनले भने । मागेर धनी हुने सपना आफूहरुले नदेखेको भन्दै उनले 'गरेर खाने देश' बनाउनका लागि सिङ्गो रास्वपा लागिपरेको दावी गरे । यसका लागि उनले रास्वपाको चुनावचिह्न घण्टीमा मतदान गर्न आग्रह गरे । सभामा सभापति लामिछानेले किसान, शिक्षक, विद्यार्थीको समस्या समाधान गर्न ५ वर्षसम्म स्थायी सरकार बनाउने मौका दिन अपिल गरे ।

कार्यक्रममा पार्टीका सहप्रवक्ता रमेश प्रसाईंले वर्तमान निर्वाचनपछि एमाले अध्यक्ष केपी शर्मा ओलीको धरौटी जफत हुने दाबी गरे । उनले राष्ट्रिय स्वतन्त्र पार्टी कुशासनविरुद्ध दृढरुपमा उभिएको बताए । सभामा उनले अब भ्रष्ट्राचार र कुशासनको सटर बन्द हुने बताए । संसद, सिंहदरबार, अदालत जल्नु दु:खद भएपनि भदौ २३ गते सरकारले दमन गरेको कारण त्यो घटना हुन पुगेको उनको जिकिर थियो । पार्टी सभापतिले भ्रष्टचारका फाइलहरु खोल्दा कांग्रेस, एमालेले सहकारीको झुट्टा मुद्दामा फसाएको आरोप लगाए । सहकारी ठगीमा लामिछानेको आरोप पुष्टि भए समानुपातिकको पहिलो नम्बर त्यागेर एमाले प्रवेश गर्ने प्रसाईले बताए । आफ्नै कार्यकर्ता प्रयोग गरेर आफ्नै पार्टीको झण्डा जलाएर रास्वपा प्रति आरोप लगाएको उनले उल्लेख गरे ।

सभामा मकवानपुर क्षेत्र नम्बर-१ का उम्मेदवार प्रकाश गौतम र क्षेत्र नम्बर-२ का उम्मेदवार प्रशान्त उप्रेतीले आफूहरुलाई मतदान गरेमा स्थानीय नागरिकका विभिन्न समस्या समाधान गर्न प्रतिबद्ध रहेको बताए । सभामा पार्टीका वरिष्ठ नेता बालेन्द्र साहले आउने भनी प्रचार गरिएपनि उनी उपस्थित भएका थिएनन् ।

## ६ वटा मतदान केन्द्रमा सबै कर्मचारी र सुरक्षाकर्मी महिलामात्र




साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ हेटौंडा उपमहानगरपालिका-२ सिद्धार्थ माध्यमिक विद्यालयमा रहेको मतदानस्थलमा मतदान अधिकृतदेखि सबै कर्मचारी र सुरक्षाकर्मी महिला मात्र खटाइएको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार सिद्धार्थ माविमा रहेको मतदानस्थलमा ६ वटा मतदान केन्द्र छन् । ती सबै केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, अन्य कर्मचारी र स्वयसेवक पनि महिला नै राखिएका छन् । यी मतदानस्थलमा खटिने सबै सुरक्षाकर्मी पनि महिला छन् । ती ६ मतदान केन्द्रमा ३६ महिला कर्मचारी र २० महिला सुरक्षाकर्मी परिचालन हुनेछन् । यो मतदानस्थलमा ५ हजार ४ सय ९३ मतदाता रहेका छन् । मकवानपुरका १६७ मतदानस्थलमा निर्वाचन गराउन २ हजार २ सय ४४ कर्मचारी खटिने भएका छन् ।

२ वटा निर्वाचन क्षेत्र रहेको मकवानपुर एउटा मतदान केन्द्रमा कम्तिमा ६ जना र बढी ८ जना कर्मचारी खटिएका छन् । मतदाता संख्याको आधार कर्मचारी खटाइएको मुख्य निर्वाचन अधिकृत गीता श्रेष्ठले बताइन् । मुख्य निर्वाचन अधिकृतको कार्यालय हेटौंडाले शुक्रवार निर्वाचनमा खटिने कर्मचारीको सूची सार्वजनिक गरेको हो । मकवानपुर-१ मा ६२ मतदानस्थलमा १७८ वटा मतदान केन्द्र रहेका छन् । ती मतदान केन्द्रमा १ हजार ६८ कर्मचारी खटाइएको छ । क्षेत्र २ का १०५ मतदानस्थलमा १९६ मतदान केन्द्र छन् । ती केन्द्रमा १ हजार १ सय ७६ कर्मचारी खटाएका छन् ।

## मकवानपुर २ मा जितका लागि दवाव बढाउँदै कांग्रेस




साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा मकवानपुर क्षेत्र नम्बर २ नेपाली कांग्रेसले चुनावी गतिविधि तीव्र बनाएको छ ।

कांग्रेसले क्षेत्र नम्बर २ को वडा र टोलस्तरमा पुगेर घर दैलोसँगै अगुवा कार्यकर्ता भेटघाटलाई तीव्र बनाएको हो । कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा उम्मेदवार रहेका यस क्षेत्रमा कांग्रेसले जितका लागि दवाव बढाउँदै लगेको छ । कांग्रेसले चुनावी गतिविधिलाई तीव्र बनाउने क्रममा थाहा नगर पालिकाको डाँडाबासमा दुई छुटाछुट्टै कार्यक्रम सम्पन्न भएको छ । कैलाश गाउँपालिका वडा नम्बर १, २, ५ र ६ तथा थाहा नगर पालिका वडा नम्बर ७ र ८ को कोणसभा एवम् प्रतिबद्धतासभा भएको हो । कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य जयराम लामिछानेले लोकतन्त्रको संस्थागत विकास र आर्थिक समृद्धिका लागि निर्वाचनमा कांग्रेसले जित्नु पर्ने बताएका छन् ।

उनले अहिलेको अस्थिर तालाई चिर्दै कांग्रेसले मात्रै शान्ति, समन्वय र समृद्धिको यात्रा लैजानसक्ने बताए । कांग्रेस बागमती प्रदेश समितिका सभापति एवम् बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले अहिलेको निर्वाचन जलाउने र बनाउनेबीच भएको भन्दै जनताले विकास गर्ने र बनाउनेलाई रोज्नुपर्ने बताए । क्षेत्र नम्बर २ का उम्मेदवार लामाले कांग्रेसले जित्दा मात्र विकास हुने भन्दै आफूले कुराभन्दा काममा विश्वास गर्ने बताएका छन् ।

वडासभापति शिवराम थिङको अध्यक्षतामा भएको कार्यक्रममा कांग्रेस मकवानपुरका सचिव ईश्वर पाठक, क्षेत्र नम्बर २ का संघीय सभापति लोक मुक्तान, थाहानगर समितिका सभापति प्रमोद जोशी, कैलाश गाउँपालिका समितिका सभापति राजेन्द्र घिसिङ, कांग्रेसका नेताहरु भरत लामा, रत्न गोले लगायतको सहभागिता रहेको थियो ।



साझाकुरा

## हाम्रो कुरा

# पूर्जाको आशमा वनकरिया

सरकारले अल्पसङ्ख्यक सीमान्तकृत आदिवासी समुदायलाई घर बनाइदिन जनता आवास कार्यक्रम सञ्चालन गरेपनि मकवानपुरमा मात्र बसोबास रहेको वनकरिया समुदायले घर पाउन सकेका छैनन् । अन्य जनजाति भन्दा पनि सीमान्तकृत मानिने वनकरिया समुदाय सरकारले नै निर्धारण गरेको मापदण्डको कारण घर सुविधाबाट बञ्चित भएका हुन् । जनता आवास कार्यक्रमको कार्यविधिमा घर बनाउनका लागि आफ्नै नाममा जग्गा हुनुपर्ने प्रावधान राखिएपछि भूमिहीन वनकरिया सरकारी घर पाउनबाट बञ्चित भएका हुन् । वनकरिया समुदायको आफ्नै नाममा जग्गा छैन । विगत केही वर्षदेखि लगातर रकम विनियोजन हुँदै आएपनि कार्यविधि संशोधन हुन नसक्दा वनकरियाको नाममा घर बन्न सकेको छैन । एक दसक अघि भौतिक योजना तथा निर्माण मन्त्रालयले वनकरियाका लागि १५ वटा घर निर्माणका गर्न रकम उपलब्ध गराको थियो । तर, त्योबलोदेखि रकम फ्रिज हुँदै आएको छ । जंगलको छेउमा कटेरोजस्तो बनाएर बसेकालाई कष्टकर जीवनशैलीबाट सहज बनाउने उद्देश्यले २० वर्षअघि सबै सरकारी तथा गैरसरकारी निकायको पहल र एकीकृत प्रयासमा साबिक हाँडीखोला गाविस-७ डाँडागाउँबाट नजिकैको मुसेधापमा स्थानान्तरण गरिएको थियो । उनीहरु जिल्ला वन कार्यालयले कवुलियतनामा गराई उपलब्ध गराएको जग्गामा खेतीपाती गरेर बसिरहेका हुन् ।

स्थानान्तरण पछि वनकरिया पशुपालन, माछापालन र खेतीपातीमा लागेकाले जीवन धान्नका लागि जंगलमा गिठ्ठा खोज्न जाने गरेका छैनन् । सरकारले सामाजिक सुरक्षाबापत दिएको सामाजिक सुरक्षा भत्ताले उनीहरुको गुजारो राम्रैसँग चलिरहेको छ । वनकरिया बसोबास गरेको क्षेत्र पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने भएकाले समस्या परेको हो । निकुञ्जले मध्यवर्ती क्षेत्रमा घर निर्माण गर्न नदिने र अन्यत्र वनकरियाको नाममा नम्बरी जग्गा नभएकाले जनता आवासअर्न्तगत घर निर्माण हुन सकेको छैन । नम्बरी जग्गा नभएका कारण वनकरियाको घर निर्माणका लागि आएको रकम पटकपटक फिर्ता हुँदै आएको छ । नम्बरी जग्गा भएका कारण चेपाङ समुदायको घर निर्माण भएपनि वनकरिया भने बञ्चित छन् । केही वर्षअघि तत्कालीन प्रधानमन्त्री डा.बाबुराम भट्टराई वनकरिया बस्तीमा एक रात बास बस्दा लालपूर्जा उपलब्ध गराउने आश्वासन दिएका थिए । उनले समस्या समाधानका लागि कार्यदल बनाए पनि सक्रिय नहुँदा वनकरियाले जग्गा प्राप्त गर्न सकेका छैनन् । वनले २० वर्षका लागि उपलब्ध गराएको जग्गा भने ४० वर्षसम्म भोगाधिकार दिने निर्णय डा. भट्टराईले मन्त्रिपरिषद्बाट गराएका थिए । विगतमा आवास कार्यक्रमअर्न्तगत वनकरियाका लागि १५ वटा पक्की घर निर्माणको रकम उपलब्ध गराए पनि लालपूर्जा नहुँदा निर्माण अवरुद्ध भएको थियो । जिल्ला प्रशासनले वनकरिया समुदायको समस्या समाधानका लागि वैकल्पिक व्यवस्था आवश्यक भएको बताउँदै माथिल्लो निकायमा जानकारी गराएपनि समाधान आएको छैन । सरकारले विशेष निर्णय गरेर भएपनि वनकरियालाई घर उपलब्ध गराउन सकेको खण्डमा उनीहरुको जीवन सहज हुने थियो । आफू गाउँपाकिला अध्यक्ष भएको समयमा पटकपटक वनकरिया समुदायलाई उपयुक्त जमीन खोजेर एकीकृत बस्ती बसाउने योजना बनाएको तर, नियम कानूनका कारण सम्भव नभएको मनहरी गाउँपालिका पूर्वअध्यक्ष एकराज उप्रेती बताउँछन् । जनता आवासअर्न्तगत घर निर्माण गर्न राज्यले नै वनकरियालाई नम्बरी जग्गा खरिद गर्दिनुपर्ने माग उठेको छ ।

वनकरियाको अहिले भएको घरलाई नै आदिवासी जनजाति प्रतिष्ठानले मर्मत गरी दिएको छ । भूकम्पले घरमा क्षति पुगेपछि प्रतिष्ठानले मर्मत गरेर बसोबासका लागि सहजता प्रदान गरेको हो । गाउँपालिकाको पहलमा नेपाल विद्युत प्राधिकरणले बत्ती जडान गरिदिएको छ । वनकरियालाई बागमती प्रदेश सरकारले ब्यवस्थित घर बनाइदिने आश्वासन दिएको भएपनि उनीहरुको स्वामित्वमा जग्गा नभएकै कारण सरकारी आवास सुबिधाबाट यो समुदाय बञ्चित छ । वनकरियाका लागि खेलमैदान, विद्यालय, खानेपानी र विद्युत आदिको सुविधासहित घर निर्माण गरिने आश्वासन प्रदेश सरकारले पटकपटक दिएको छ । गाउँपालिकाले पनि वकनरियालाई आश्वासन दिन भने छोडेको छैन । जग्गा खोजी गर्ने वनकरियाको स्वामित्वमा लालपूर्जा दिने र जनता आवास निर्माण गर्ने आश्वासन स्थानीय सरकार, प्रदेश सरकार, संघीय सरकारले दिइरहेका छन् । काम भने हुन सकेको छैन । मकवानपुरको मनहरी गाउँपालिका-४ मुसेधापमा बसोबास गर्ने लोपोन्मुख तथा अतिसीमान्तकृत वनकरिया समुदायले सामाजिक सञ्जालबाट फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनबारे थाहा पाएपनि मत कसलाई र कसरी हाल्ने ? भन्ने अन्यौलमा छन् । मतमाग्न यो बस्तीमा अहिलेसम्म कुनै उम्मेदवार तथा दलका नेता कार्यकर्ता पुगेका छैनन् । मुसेधापमा मात्र बसोबास रहेको वनकरिया समुदायकी अगुवा सन्तोषी वनकरियाकाअनुसार बस्तीमा हाल ४५ महिला र ४६ पुरुष गरी ९१ जना वनकरिया छन् । बस्तीका ९१ मध्ये ५० जनाको नागरिकता बनिसकेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन १३ गते बुधबार २५ फेब्रुअरी २०२६ । नवमी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:३५ सूर्यास्त ६:०१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : नचिताएको काम सम्पन्न हुनेछ | तुला | : यात्राबाट नोक्सान हुनेछ |
| वृष | : मिहिनेतको फल मिल्नेछ | वृश्चिक | : घाउचोट लाग्न सक्नेछ |
| मिथुन | : स्वास्थ्यमा खराबी आउनेछ | धनु | : जग्गा जमिनबाट लाभ हुनेछ |
| कर्कट | : शुभ कामको संकेत मिल्नेछ | मकर | : सोचेभन्दा बढी खर्च हुनेछ |
| सिंह | : शरीरमा केही आलश्य हुनेछ | कुम्भ | : मित्रतामा कमी आउनेछ |
| कन्या | : सफलता मिल्न गाह्रो छ | मीन | : कामको जिम्मेवारी बढ्नेछ |

# बिजुली हुँदाहुँदै किन ग्यासको कुरा ?



सुशीलबहादुर कार्की

२०७३ कात्तिकसम्म लगभग ११ वर्ष मुलुक चरम लोडसेडिङको मारमा रह्यो । कम विद्युत् उत्पादन मात्रै नभई पछिल्लो समय १८ घण्टासम्म लोडसेडिङ हुनुको कारण तत्कालीन व्यवस्थापनको चरम कुव्यवस्थापन पनि रहेछ भनेर असोज २०७३ मा कुलमान घिसिङ नेपाल विद्युत् प्राधिकरणको नेतृत्वमा आई लोडसेडिङ क्रमश: घटाई वैशाख २०७५ देखि मुलुक नै लोडसेडिङमुक्त भएको घोषणा गरेपछि जानकारीमा आयो । कात्तिक २०७८ देखि भारतमा बिजुली निर्यात गर्न थालेर त्यस्तो चरम लोडसेडिङबाट ग्रसित मुलुक पाँचै वर्षमा बिजुली निर्यात गर्ने मुलुकमा रूपान्तरण भयो । त्यति मात्रै नभई अर्को तीन वर्षमा कात्तिक २०८१ देखि त बङ्गलादेशमा समेत निर्यात गर्न थाल्यो । यसरी गत दुई वर्षदेखि अन्तर्राष्ट्रिय रूपमा दुई मुलुकमा विद्युत् निर्यात गर्ने मुलुकमा गनिएको छ हाम्रो नेपाल । यहाँबाट बिजुली निर्यात हुनु त्यो पनि दुई-दुई राष्ट्रमा, ऊर्जा क्षेत्रमा भएको ठूलो प्रगतिको सूचक हो र सुखद समाचार पनि ।

जलविद्युत्को क्षेत्रमा नेपाललाई पूर्णत: लोडसेडिङमुक्त मुलुकबाट निर्याततर्फको यात्रा तय गर्न साढे तीन वर्ष मात्र लागेछ । बिजुली उत्पादनमा मुलुकले यत्रो प्रगति गरिसक्दा पनि हालसालै आएको एक पूर्वप्रधानमन्त्रीको चुनावी अभिव्यक्तिले भने विद्युत्को विकासमा लागेका र आम जनतालाई झस्काएको छ । हालसालै पूर्वप्रधानमन्त्री केपी ओलीले प्राइम टेलिभिजनलाई दिएको एक अन्तर्वार्तामा भने, 'यो चुनावपछि बहुमत ल्याएर म प्रधानमन्त्री भएँ भने ६ महिनाभित्र ग्यास वितरण गर्छु । यो रेकर्डमा र होस् ।' पूर्वप्रधानमन्त्रीको यो वाचाले मुलुकलाई विद्युत्मय बनाउनुपर्छ भन्नेहरू दिग्भ्रमित हुन पुगेका छन् । चुनावको समयमा आफ्ना मतदातालाई आश्वस्त पार्न यस्ता भनाइहरू आउनु ठूलो कुरो त भएन । तर पटक-पटक देशको नेतृत्व गरेका र सर्वज्ञानी व्यक्तित्वबाट यस्तो भनाइ आउनुले विद्युत् उत्पादन, वितरण र खपतका क्षेत्रमा 'कन्फिडेन्ट' हुने बेला अझै भएको छैन कि भनेर बुझ्नुपर्ने संशय पैदा भएको छ ।

कुनै दुर्गम जिल्लाको दुर्गम गाउँमा नभई दमकजस्तो विकसितमध्येको तराईको एउटा क्षेत्रमा यस्तो आवाज किन उठ्दै छ? वाक्पटुतामा पोख्त उनलाई पछि कार्यान्वयन हुन नसके, 'बहुमत आएको भए पो ?' भन्ने जस्ता ओठे जवाफ दिएर टार्न कसैले छेक्दैन । तर यहाँ मूल प्रश्न के हो भने पटक-पटक प्रधानमन्त्री भइसकेको व्यक्तिले किन अझै पनि ग्यास जोडिदिन्छु भन्दै छन् ? किन बिजुलीको कुरा गर्न हिचकिचाउँछन् भन्ने हो । त्यसैले यसले माथि उल्लेख गरिएको विद्युतीय क्षेत्रमा भएको प्रगति र सकारात्मक सूचक वास्तविक हुन् कि होइनन्? उत्पादित बिजुली जनताले उपभोग गर्न नपाएको पो हो कि? किन गर्न सकिरहेका छैनन्? के ग्यास वितरण बिजुलीभन्दा सस्तो, छिटो र भरपर्दो हुन्छ ? अनि ६ नै महिनामा घरघर वितरण गर्न सकिने भए अहिले किन नभएको होला ? जस्ता प्रश्न जन्मिएका छन् र यसमा गम्भीर बहस हुन जरुरी छ ।

भनिरहनु पर्दैन, नेपालको भान्साको परम्परागत इन्धन अझै पनि दाउरा हो र थियो । समयक्रममा यसलाई चुनौती दिन मट्टितेल त्यसपछि बिजुली र ग्यास आइपुगेका छन् । यी विकल्पले कतिपय भान्सामा दाउरा विस्थापित नै गरे भने कतिपय भान्सामा एक-अर्काले सेयर गर्दै छन् । तर दाउरामै निर्भर रहने जनसंख्या अझै पनि अधिक रहेको (५३.६ प्रतिशत) त्यसपछि ग्यासमा ४१.९ र बायोग्यास १.२ आदिपछि मात्र अन्त्य-अन्त्यमा विद्युतीय चुल्होमा मात्र ०.७ प्रतिशत रहेको उदेकलाग्दो तथ्याङ्क हालसालै राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशित गरेको 'बहुसूचक सर्वेक्षण प्रतिवेदन' ले देखाएको छ ।

ग्रामीण क्षेत्र जहाँ दाउरा मात्र विकल्प रहेको बाहेक, अन्यत्र सहरी, अर्धसहरी क्षेत्रमा व्यावहारिक रूपमा मट्टितेलको प्रयोग अत्यन्त न्यून रहेको छ र अधिकतर रूपमा ग्यास र केहीमा बिजुली प्रयोगमा आएको बुझिन्छ । तर नेपालको दुर्भाग्य, दाउरामा निर्भर बाहेक व्यावहारिक रूपमा कुनै पनि भान्सा एउटै स्रोतमा निर्भर भएर ढुक्कले चलाउन सकिने अवस्थामा छैन । वितरणको सुनिश्चितताको अभावमा सहरी क्षेत्रमा समेत ग्यास चलाउनेले बिजुली र बिजुली चलाउनेले ग्यासलाई विकल्पको रूपमा राख्नैपर्ने अवस्था छ ।

गत एक दशकबीच विद्युत्को पहुँच ५८ बाट ९६.७ प्रतिशत घरपरिवारमा पुगेको तथ्याङ्क हुँदा पनि भान्सामा विद्युतीय चुल्हो प्रयोग गर्ने संख्या ०.७ प्रतिशत मात्र हुनुले हाम्रो विद्युत् निर्यात गर्ने क्षमतालाई गिज्याइरहेको अनुभूति हुन्छ । हाम्रो जडित उत्पादन लगभग ४,१०० मेगावाट पुगेको छ । यसो हुँदा वर्षामा निर्यात गर्न पुगे पनि सुक्खायाममा भने बढीमा १,२०० मेगावाटसम्म मात्र उत्पादन हुँदा झन्डै २,४०० मेगावाटसम्मको 'पिक' माग पूर्ति गर्न भारतबाट आयात गर्नुपर्ने अवस्थाको अन्त्य हुन केही वर्ष लाग्ने देखिन्छ । विद्युत् आयात पूर्ण रूपमा रोक्न र आन्तरिक उपभोग बढाउन उत्पादन बढाउने दीर्घकालीन र अल्पकालीन योजना त छन् तर पनि व्यक्तिगत र घरेलु उपभोगमा भने अपेक्षित सुधार आउन नसकेको देखिन्छ ।

हाल नेपालको बिजुली उपभोग ४५० (२०२३ मा ३३०) किलोवाट आवर वा युनिट प्रतिव्यक्ति प्रतिवर्ष पुग्दा पनि अन्य सार्क मुलुकभन्दा पछाडि नै रहेको छ (अफगानिस्तान बाहेक) । विश्वव्यापी रूपमा हेर्दा विश्व बैंकले २०२३ मा उपलब्ध गराएको पछिल्लो तथ्याङ्कअनुसार सरदर अमेरिकाको १२,५००, युरोपको ७,०००, चीनको ६,५००, भारतको झन्डै १,२०० र सार्क राष्ट्रमध्ये सबैभन्दा बढी माल्दिभ्सको १,५६२ युनिट रहेबाट प्रस्ट हुन्छ हामी विद्युत् निर्यात गर्नेको स्थिति ।

त्यसैले हामीले गर्न बाँकी धेरै रहेको प्रस्ट छ । सबैभन्दा महत्त्वपूर्ण हामीले उत्पादन साथै प्रतिव्यक्ति खपत वा उपभोग कसरी बढाउने भन्नेतिर ध्यान दिन जरुरी छ । प्रतिव्यक्ति खपत बढेअनुसार पनि जीवनस्तरमा सुधार आएको मान्न सकिने सूचक बन्न सक्छ । त्यसैले हाम्रो ध्यान समग्र विद्युतीय उत्पादन, प्रसारण, निर्यात साथै आन्तरिक औद्योगिक तथा घरेलु खपतलाई एकसाथ अगाडि बढाउँदै लैजानतिर हुन जरुरी देखिन्छ । नेपालको विद्युतीय ऊर्जाको मागभित्र हाम्रो भान्सामा चुल्हो बाल्न प्रयोग हुने विद्युत् अझै समावेश नभएको र खासगरी चिम वा बत्ती बाल्नु मात्र आवश्यकता हो भन्ने हिसाब रहेको देखिन्छ । जबकि बत्तीभन्दा भान्सामा हुने उपयोगको अनुपात धेरै हुन्छ र हुनुपर्छ । त्यसैले बिजुलीको मागको हिसाब गर्दा भान्सामा इन्धनको अन्य स्रोतलाई विद्युत्ले विस्थापन गरेर हुने विद्युतीय मागलाई समेत वास्तविक मागको रूपमा पहिचान गर्न जरुरी छ । र यसलाई लक्ष्य बनाउन सके मात्र गृहस्थ तहमा वास्तविक उपभोग मानिन सक्छ ।

ढुवानी गर्नु नपर्ने, बोक्नै नपर्ने, थुपारेर जोहो गरेर राख्नु नपर्ने, धुवाँधुलो नहुने, बालिसके पछि खरानी, गोल जस्ता 'बाइप्रडक्ट'लाई व्यवस्थापन गर्नु नपर्ने, दाउरा जस्तो रूखबिरुवा मास्न, खोज्न र सुकाउन नपर्ने, ग्यास-मट्टितेल जस्ता पूर्णत: आयातित वस्तुभन्दा सस्तो पर्ने र भइरहेको वा एक पटकको लगानीको तारबाट सिधै भान्सामा उपलब्ध हुने बिजुलीको पक्षमा ठूला व्यक्तित्वको आवाज नउठ्नु उदेकलाग्दो छ । दमक भ्युटावर जस्तो प्रयोगविहीन लगानी हुन नपुगोस् भनी यस्ता भनाइलाई आधार मानेर हामीले विद्युतीय विकासलाई स्थगित वा मार्ग परिवर्तन गरी ग्यासतर्फ मोडिने अवस्था छ कि छैन? यसो गर्नु हितकर हुन्छ कि हुँदैन ठन्डा दिमागले सोचेर, हालसम्मका राष्ट्रिय प्राथमिकता र विद्युतीय क्षेत्रको दीर्घकालीन योजनाहरूलाई समेत मध्यनजर गरेर सरोकारवालाहरूसँग वस्तुनिष्ठ बहस गरेर मात्रै निर्णय गर्नुपर्ने हुन्छ ।

### दलका घोषणापत्रमा घरेलु उपभोग

विद्युत् उत्पादन बढाउने र व्यक्तिगत उपभोग बढाउने लक्ष्य उज्यालो नेपाल लगायत सबै प्रमुख दलहरूले राखेकै रहेछन् र झन्डै-झन्डै समान पनि नै देखिन्छ । पहिले सत्तामा र हिसकेका ठूला चार दल र नयाँ दल भए पनि ऊर्जा क्षेत्रका अनुभवी सेलिब्रेटी कुलमान घिसिङको उज्यालो नेपाल दलको विद्युत्का क्षेत्रमा दखल भएको चर्चा नगर्नु अपुरो हुन जान्छ । त्यसैले यी दलका योजनाबारे संक्षिप्त अवलोकन गरिएको छ । विद्युत्को घरेलु उपभोग सम्बन्धमा नेपाली कांग्रेस र नेकपाले प्रतिव्यक्ति विद्युत् खपत उत्ति नै ७५० युनिट पुर्‍याउने, एमालेले दोब्बर (अर्थात् ८००-९०० युनिट), उज्यालोले ८०० युनिट र रास्वपाले १० वर्षमा १५०० युनिट (औसतमा ५ वर्षमा ७५० युनिट मान्न सकिन्छ) गर्दा उही हाराहारीको प्रतिव्यक्ति खपत पुर्‍याउने उद्देश्य देखिन्छ । आउँदो पाँच वर्षमा यही उद्देश्य पूरा भएछ भने पनि वास्तवमा नेपाल दक्षिण एसियाको पुछारमै पर्ने देखिन्छ ।

रास्वपाले वाचा नं. ४६ मा घरेलु विद्युत् खपत वृद्धि गर्न वितरण प्रणालीमा सुधार, महसुल पुनर्संरचना, देखिने गरी वृद्धि गराउन गार्हस्थ्य विद्युत् दर निर्धारण गर्ने गर्दै सन् २०३५ भित्र प्रतिव्यक्ति वार्षिक बिजुली खपत १५०० किलोवाट आवर पुर्‍याउने लेखेको छ । त्यस्तै, एमालेले समृद्धिको १८औं स्तम्भमा विद्युत् उत्पादन र प्रतिव्यक्ति उपभोग दोब्बर बनाउने उल्लेख गर्दै सबै क्षेत्रको ऊर्जा मागलाई आपूर्ति गर्ने तथा गार्हस्थ्य उपभोगमा विद्युत्को खपतलाई प्रोत्साहित गर्ने (उल्लेख गरेको छ) ।

नेपाली कांग्रेसले भान्सामा विपन्न घर धुरीलाई विद्युतीय चुल्हो अनुदानमा वितरण गर्ने, यसको लागि घरेलु विद्युतीय पूर्वाधारलाई सुदृढ गर्ने, 'बढ्दो खपत, घट्दो महसुल'को अवधारणा लागू गर्ने, आयातित ग्यासको विकल्पमा सहुलियत दरको बिज्ली र विद्युतीय चुल्हो प्रवर्द्धन गरी भान्साको मासिक खर्च घटाउने र ग्यासमा दिइने अनुदान वास्तविक गरिब र लक्षित वर्गले पाउने प्रणालीको कार्यान्वयन गर्ने प्रतिज्ञा गरेको देखिन्छ ।

तर यो कसरी गर्ने, तथा प्रतिव्यक्ति खपतमा विशेषत: मुलुकभरि उद्योग, कृषि, घरेलु लगायत सबै क्षेत्रमा खपत हुने बिजुलीलाई कुल जनसंख्याले भाग गर्दा आउने फललाई मानिने हुँदा समग्र प्रतिव्यक्ति खपत बढाउने लक्ष्यभित्र पनि घरेलु खपत र त्यसमा पनि भान्सामा इन्धनको रूपमा हुने खपत जसले अन्य स्रोतलाई विस्थापित गरोस् त्यसलाई प्रोत्साहन गर्ने र बढाउने लक्ष्य के-कस्तो छ भन्ने धेरैजसो दलको घोषणापत्रमा स्पष्ट छैन । दलका घोषणापत्रको तुलनात्मक अध्ययन गर्दा भान्साकै विद्युतीय इन्धनलाई केन्द्रमा राखेर खर्च कटौतीसहित समग्र विद्युतीय क्षेत्रबारे तथ्याङ्कसहितको स्पष्ट लक्ष्य भएको, सबैभन्दा यथार्थपरक र मापनयोग्य योजना नेपाली कांग्रेसको घोषणापत्रमा रहेको देखियो । भोटलाई प्रभावित गर्ने नभई यो नितान्त रूपमा दलका घोषणापत्रमा उल्लिखित बुँदाहरूमा आधारित वस्तुगत निचोड हो ।

### अन्त्यमा

चुनाव झन्-झन् नजिकै आउँदा पूर्वप्रधानमन्त्रीले नेपालको दैलेखमा ग्यास भण्डार फेला परेकै आधारमा ६ महिनामा नेपालीका घरघरमा वा सीधै झापा ५ नम्बर क्षेत्रका बासिन्दाकोमा मात्र कसरी पुर्‍याइदिने हुन् र किन ९६.७ प्रतिशत घरमा जोडिएका बिजुलीका तार बाट हरेक घरमा कमसेकम एउटा विद्युतीय चुल्हो नै राखेर भए पनि र त्यही चुल्हो खरिद गर्न पनि सहुलियत दिएर केही न केही राहत दिने जस्ता योजनाहरू त घोषणापत्रमा नआए पनि दैलेखमा रहेको ग्यास के-कस्तो प्रकारको हो ?

केमा कसरी प्रयोग गर्न सकिने हो आदि प्रस्ट नहुँदै एमालेले घोषणापत्रमा यसको "व्यापारिक उत्पादन सुरु गर्ने" लक्ष्य राख्न छुटाएको छैन । यही ग्यास ओलीले चुनाव भएको ६ नै महिनामा कुन जादुले घरघरमा कसरी पुर्‍याइदिने हुन् हेर्न बाँकी छ । बस्, उनको भनाइ चुनावी फन्डा नबनोस् । चालू आर्थिक वर्षको पहिलो छ महिनामै ग्यास आयात गर्न २७ अर्ब चार करोड बढी खर्च भएको छ । त्यसैले, अब कसैले र कुनै दलले पनि बिजुलीको सट्टा आयातित महँगो ग्यासको दुहाइ दिन नपरोस् । निजी क्षेत्रको समेत संलग्नतामा राम्रो गति लिइरहेको विद्युतीय विकासमा छिर्के हान्ने प्रयास पनि कसैले नगरुन् । सबैभन्दा सुरक्षित आफ्नै उत्पादन अनि उत्पादन वा प्रयोग गरेर कहिल्यै नसकिने बिजुली पहिलो प्राथमिकतामा रहोस् ।

दलले राखेका प्रतिव्यक्ति खपतको लक्ष्य लगभग उस्तै नै हुँदा कसैको बहुमत नआई एकमना सरकार बनाउन नसकी गठबन्धनको सरकार बने पनि यो मुद्दा साझा रहने सुनिश्चितता देखिएको छ । त्यसैले सबैको संयुक्त प्रयासले यसको कार्यान्वयन हुन पुगोस् र अबको पाँच वर्षमा आन्तरिक विद्युतीय स्रोतले आयातित ग्यास विस्थापन गर्न सकियोस् ।

*(साभार: अनलाइनखबर)*

# 'मिस-इन्फर्मेसन' र 'डिस-इन्फर्मेसन': लोकतन्त्रका लागि नयाँ चुनौती

विजय शर्मा

नेपालको राजनीतिक इतिहासमा फेरि एउटा महत्त्वपूर्ण अध्याय थपिएको छ । हालै सम्पन्न जेन्जी पुस्ताको आन्दोलनपछि देशको साबिक प्रतिनिधिसभा विघटन भई नयाँ प्रतिनिधि सभाको निर्वाचनको सैारमा उभिएको छ । निर्वाचनको मिति घोषणा भई उम्मेदवारी छनोटको कार्यसमेत सम्पन्न भइसकेको हुँदा राजनीतिक दलहरू पूर्ण उत्साह र रणनीतिका साथ चुनावी मैदानमा होमिएका छन् । चुनावी माहोलका लागि प्रचारप्रसारमा फेसबुक, टिकटक र युट्युबजस्ता सामाजिक सञ्जालहरूको व्यापक र आक्रामक प्रयोग भइरहेको छ । आजको डिजिटल युगमा सूचनाको पहुँच सहज भए तापनि गलत र भ्रामक सूचनाका कारण चुनाव चुनौतीपूर्ण र संवेदनशील मोडमा पुगेको छ । यी तत्त्वहरूले सामाजिक सद्भाव, राजनीति र व्यक्तिगत जीवनमा समेत ठूलो प्रभाव पारिरहेका छन् । आमजनता सही सूचना र सत्यताको कसीमा समाचारलाई जाँच्न असमर्थ भई दिग्भ्रमित भइरहेका छन् । अहिलेको समय सूचनाको अभावको होइन बरु सूचनाको अतिवृष्टिको हो, जहाँ सत्यभन्दा भ्रमको गति तीव्र छ ।

तत्कालीन सरकारले सामाजिक सञ्जाल नियमन गर्ने बहानामा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्न खोजेको भन्दै युवाहरूले वाक् स्वतन्त्रता, भ्रष्टाचार विरोध र सुशासनका लागि शुरु गरेको आन्दोलनले देशको राजनीतिक दिशा नै मोडिदियो । यो आन्दोलन नेपाली इतिहासमा एउटा दु:खद तर शक्तिशाली मोड बन्यो । दुर्भाग्यवश यस आन्दोलनका क्रममा ७६ जना नेपाली युवाहरूको अकालमा मृत्यु भयो । सिंहदरबार, संसद् भवन, अदालतजस्ता ऐतिहासिक धरोहरहरू आगजनीबाट खण्डहर बने । अर्बौंको सार्वजनिक र निजी सम्पत्ति खरानी भयो । आन्दोलनको मूल उद्देश्य चुनाव थियो वा थिएन भन्ने बहस आफ्नै ठाउँमा छ तर परिस्थितिले देशलाई छिट्टै चुनावी मैदानमा उभ्याइदिएको छ । यसले नेपाली राजनीतिमा युवाहरूको प्रभाव र प्रविधिको शक्तिलाई स्पष्टरूपमा झल्काएको छ । अर्कोतर्फ यस आन्दोलनमा विदेशी शक्तिहरूको सुनियोजित घुसपैठ र षडयन्त्र भएको आशंका पनि नभएको होइन ।

वर्तमान चुनावी परिवेशमा नेपाली समाज स्पष्टरूपमा दुई ध्रुवमा विभाजित देखिन्छ । एकातिर दशकौंदेखि राजनीतिमा सक्रिय पुरानो पुस्ता छ, जोसँग अनुभव र राजनीतिक संगठनको विरासत छ । अर्कोतिर परिवर्तनको तीव्र चाहना बोकेको नयाँ पुस्ता छ, जो पुरानो पद्धतिमा आमूल सुधार चाहन्छ । अहिलेको चुनावमा पुरानो र नयाँ पुस्ताबीच देशलाई आ-आफ्नो दिशातर्फ ध्रुवीकरण गर्ने प्रयास भइरहेको छ । विशेष गरी नयाँ पुस्तामा पुरानो पुस्ता अब काम लाग्दैन भन्ने एउटा बलियो भाष्य सामाजिक सञ्जाल मार्फत फैलाइएको छ । देश विकास नहुनुको मुख्य कारण पुरानो पुस्ताको अक्षमता, स्वार्थ र यथास्थितिवाद नै हो भन्ने बुझाइ युवाहरूमा गहिरो गरी गढेको छ, जसलाई त्रि.वि. कर्मचारी संघका अध्यक्ष छत्रबहादुर कार्कीले सूचनाको महामारीले निम्त्याएको एक प्रकारको सामाजिक विभाजनका रुपमा लिनुपर्ने धारण राख्छन् ।

पुराना दलप्रति असन्तोषको जगमा उभिएर अहिले विभिन्न पेसा र व्यवसायमा आबद्ध डाक्टर, इन्जिनियर, पत्रकार र उद्यमी युवाहरू राजनीतिमा सक्रिय भएका छन् । तर यो उत्साहका बीच केही विडम्बनापूर्ण दृश्यहरू पनि देखिएका छन् । चुनाव निष्पक्ष गराउनका लागि गठित अन्तरिम सरकारका मन्त्रीहरू नै आफ्नो मूल जिम्मेवारी छोडेर चुनावमा उम्मेदवार बनेका छन् । सामाजिक सञ्जालमा यस्ता अवसर वादी उम्मेदवारहरूलाई बहिष्कार गर्नुपर्ने बहस पनि चलेको छ । यस सन्दर्भमा प्रधानमन्त्रीबाट कुनै गुनासो नरहेको तत्कालीन समयको बाध्यता भन्ने अभिव्यक्ति आइसकेको छ । तथापि पछिल्लो समय राजनीतिलाई जनसेवाभन्दा पनि एउटा सुरक्षित पेसाका रूपमा विकास गर्न खोजिएको त होइन ? भन्ने गम्भीर प्रश्न उब्जाएको छ । इतिहासको यो विशिष्ट मोडमा उभिएर हामीले के बिर्सनुहुँदैन भने, आजको पुस्ताले जुन भविष्य खोज्ने र प्रश्न गर्ने साहस पाएको छ त्यो अघिल्लो पुस्ताले ल्याएको संविधान, संघीयता, गणतन्त्र, लोकतन्त्रजस्ता संरचनागत परिवर्तनकै जगमा सम्भव भएको हो । नेपालको राजनीतिक चेतनाको इतिहास निकै लामो र कठिन संघर्षले भरिएको छ । राणा शासनविरुद्धको बलिदानी, प्रजातान्त्रिक क्रान्ति, जनमत संग्रह र ऐतिहासिक जनआन्दोलन हुँदै गणतन्त्र र संघीय संरचनासम्म आइपुग्दा नेपाली जनताले ठूलो राजनीतिक चेतना हासिल गरेका छन् । आजका नागरिकले आफ्ना अधिकार, मतको मूल्य र शासन प्रणाली कस्तो हुनुपर्छ भन्ने कुरा राम्ररी बुझेका छन् । तर विडम्बना के छ भने, यो राजनीतिक चेतना अझै पनि व्यवहारमा राजनीतिक संस्कारका रूपमा रूपान्तरण हुन सकेको छैन । चेतना हुनु र त्यो चेतनालाई विवेकपूर्ण मतदान तथा मर्यादित राजनीतिक व्यवहारमा उतार्नुबीचको खाडल नै आजको मुख्य चुनौती बनेको छ ।

सूचना प्रविधिको तीव्र विकासले चुनाव प्रचारलाई जति सहज बनाएको छ त्यति नै झुटो सूचनाले समाजलाई आतङ्कित पारेको छ । सामाजिक सञ्जालमा देखिएका सूचनाहरू सत्यता जाँच नगरी लहैलहैमा शेयर वा लाइक गर्दा मिस-इन्फर्मेसनको डढेलो फैलिएको छ । यस्ता सूचना फैलाउने व्यक्तिको नियत शुरुमा अरूलाई हानि पुर्‍याउनु नहुन सक्छ । अन्जानमा वा अरुले शेयर गरेको देखेर आफ्नो आस्था र विचारसँग मिल्ने कुरालाई सत्य ठानेर शेयर गरिरहेका हुन्छन् । तर यसले समाजमा भ्रमको जालो बुनिरहेको हुन्छ । त्योभन्दा पनि खतर नाक पक्ष भनेको अहिले ए-आई सूचना प्रविधिको दुरुपयोग गरी सिर्जना गरिएको झुटो विवरण अर्थात् डिस-इन्फर्मेसनको आतङ्क हो । कुनै उम्मेदवारले कुनै खास प्रसङ्गमा बोलेका कुरालाई आफू अनुकूल हुने गरी तोडमोड गरेर भिडियो सम्पादन गर्ने, पुराना भिडियो वा घटनालाई आजकै जस्तो गरी प्रस्तुत गर्ने र विपक्षी उम्मेदवारको चरित्र हत्या गर्ने सङ्गठित प्रयास भइरहेका छन् । लोकतन्त्रमा यस्ता सूचनाले जनमतमा ठूलो नकारात्मक प्रभाव पार्न सक्छन् । नेपालजस्तो बहुभाषिक र बहुसांस्कृतिक देशमा एउटा सानो भ्रामक भिडियो वा फेक न्युजले जातीय वा धार्मिक द्वन्द्व निम्त्याउन सक्छ । सामाजिक सञ्जालमा शेयर गरिने सम्पादन गरिएका भिडियो र फोटोहरूले मानिसमा उत्तेजना फैलाउने काम गरिरहेका छन् ।

लोकतन्त्रको मेरुदण्ड भनेको सुसूचित नागरिक र निष्पक्ष चुनाव हो । तर गलत सूचनाले मतदाताले सत्यतथ्यका आधारमा नभई झुटो प्रचारबाट दिग्भ्रमित भई निर्णय लिने खतरा बढ्छ, जसले वास्तविक जनमतको अपहरण नै गरिदिन्छ । जब मतदाताले झुटो सूचनाका आधारमा आफ्नो प्रतिनिधि छान्छन् तब लोकतन्त्रको मन्डेट नै दूषित हुन्छ । निर्वाचनका बेला राजनीतिक दल वा उम्मेदवारका विरुद्धमा नक्कली समाचार बनाउने चलन बढेको छ । यसले मतदातालाई सही निर्णय लिन बाधा पुर्‍याउँछ । अन्तत: लोकतन्त्रको जग कमजोर बनाउँछ र समाजलाई नै गलत दिशातर्फ ध्रुवीकरण गराउने खेल हुन सक्छ । उम्मेदवारका पुराना भिडियोहरूलाई सन्दर्भबाहिर काटेर नक्कली भिडियो र तस्वीर बनाई चरित्र हत्या गरेको पाइन्छ । विशेष गरी मौन अवधिमा सामाजिक सञ्जालमार्फत यस्ता झुटो हल्ला फैलाइन्छ, जसको खण्डन गर्ने समय विपक्षीसँग हुँदैन । यो डिजिटल दुपयोगको महामारी रोक्न अब बहुपक्षीय प्रयासको आवश्यकता छ । कुनै पनि सूचना शेयर गर्नुअघि आधिकारिक माध्यम वा फ्याक्ट-चेक गर्ने वेबसाइटहरूबाट तथ्य जाँच गरी त्यसको पुष्टि गर्नु अनिवार्य छ । नेपालका भ्रामक समाचारको तथ्य जाँच गर्न नेपाल चेक, टेकपाना फ्याक्ट चेकजस्ता पोर्टलहरू सक्रिय छन् भने विश्वभरका सूचनाका लागि गुगल फ्याक्ट चेक एक्सप्लोररजस्ता टुल्सहरुको सहयोग लिन सकिन्छ ।

*क्रमश: पृष्ठ-३....*

धादिङ बस दुर्घटना :

# १२ वर्षअघि दुर्घटनामा बाँचेर साउदी पुगे, फर्केर किनेको गाडीले ज्यान लियो

पोखरा/१२ वर्षअघि तनहुँको दमौली पुल नजिकै मिनीबस दुर्घटना हुँदा गाडी धनी ओमकुमार श्रेष्ठ (मल्ल) गम्भीर घाइते भए । केही दिन पोखराको मणिपाल शिक्षण अस्पतालमा उपचार गराएर फर्किएपछि तनहुँको ब्यास नगर पालिका-८ सिर्दीका ओमकुमारलाई लाग्यो, 'ज्यानै हत्केलामा राखेर हिँड्नुपर्ने यो व्यवसाय छाडिदिन्छु ।'

गाडीको सहचालक, चालक हुँदै ऋणधन गरेर किनेर बस मालिक बनेका थिए, उनी । आफ्नै गाडी दुर्घटनामा परेर मृत्युको मुखबाट फुत्किएको महसुस गर्दै उनले सोचे, 'भविष्य नै दाउमा राखेर मालिक हुनुभन्दा बरु बजदुर हुनै बेस ।' गाडी बिक्री गरेर उनी साउदी अरब हानिए । निम्न वर्गीय परिवारमा जन्मिएका ओमकुमार श्रीमती, हुर्कँदै गरेका छोरा-छोरीको खुसीको सपना बुनेर साउदी अरब पुगेका थिए । १२ वर्षअघि ४ वर्ष चालकबाट मालिक भएर गाडी चलाएका ओमकुमारले साउदीमा पनि ८ वर्ष मजदुरी गरे ।

खाडीमा हन्डर-ठक्कर खाँदै नेपाल फर्किएका ओमले यहीँ अन्य ब्यापार-व्यवसाय गर्न खोजे । तर अनुभव थिएन । करिब डेढ वर्षअघि मात्रै फेरि गाडी किनेर पुरानै पेसामा फर्किने निष्कर्ष निकाले । खाडीमा कमाएको पैसा र ऋणधन गरी साथीसँग मिलेर किने, गाडी नम्बर ग२ख १४२१ । एक जना चालक राखेर आफूले समेत चलाउँदै आफैँ गाडीमा आउजाउ गरिरहेका ओमको जीवनमा अर्को भयावह घटना घट्यो । १२ वर्षअघि दुर्घटनामा बाँचेका ओमलाई के थाहा ? फेरि गाडी दुर्घटनामा पर्ला र आफ्नै प्राण चुँडाएर लैजाला । तर भयो त्यस्तै ।



आइतबार पोखराको पर्यटन बसपार्कबाट छुटेको रात्रि बस राति ११ बजे पृथ्वी राजमार्ग अन्तर्गत धादिङको बेनिघाट रोराङ गाउँपालिका-५ भैंसेगौडा भन्ने स्थानबाट त्रिशूली नदी किनारमा खस्यो र उनीसहित १९ जनाले ज्यान गुमाए । ओमसँगै काठमाडौं हिँडेकी श्रीमतीसहित २५ जना घाइते भए ।

'निम्न परिवारमा जन्म्यौ । उसले सानैदेखि गाडी लाइन समात्यो । आफैं मजदुरी गर्दै गाडी किनेको थियो । करिब १२ वर्षअघि दुर्घटनामा परेपछि साउदी गएर फर्केर फेरि एक डेढ वर्षअघि मात्रै अर्को गाडी किनेर आफैं हिँड्थ्यो, चलाउँथो पनि । तर त्यही गाडीमा ज्यान गयो,' ओमकुमारका दाइ हरि श्रेष्ठले भने, 'भाइले ३९ वर्षमै ज्यान गुमायो ।'

परिवार र आफ्नो भविष्यका लागि देश-विदेश गर्दै श्रम पसिना बगाएर स्वरोजगार बनेका ओमले धेरै सपना अधुरै छोडेर दुर्घटनामा ज्यान गुमाएका छन् । ऋणधन गरेको गाडी उनले जतनले चलाउँथे । मोटोपन र सुगरले शरीरलाई छोए पनि उनले परिवारको भविष्यका लागि मिहिनेत गर्न छाडेका थिएनन् ।

'सधैं आफैं गाडीमा हिड्थ्यो । अहिले श्रीमतीलाई पनि लिएर काठमाडौं जाँदै रहेछ । छोरा १२ कक्षा पढ्दै छ, छोरी ११ वर्षकी भइन्,' दाइ हरिले सुनाए, 'सामान किन्नका लागि श्रीमतीलाई लिएर काठमाडौं गएको रहेछ ।'

ओमको ११ वर्षकी छोरीलाई गुफा राखिएको थियो । नेवार परम्पराअनुसार नेवार कन्यालाई रजस्वला नहुँदै १२ दिनसम्म सूर्यको मुख नदेखाई अँध्यारो कोठामा लुकाइराख्ने चलनलाई गुफा राख्ने भनिन्छ । गुफा राख्ने चलनमा चाहिने सामान किन्नकै लागि उनीहरू सँगै काठमाडौं गएको परिवारले जनाएको छ ।

परिवार स्रोतका अनुसार उनीहरू मुग्लिनमा खाना खाएर काठमाडौं जाँदै गर्दा बस दुर्घटनामा परेको थियो । मध्यरातमा भएको दर्दनाक दुर्घटनामा बेलैमा उद्धारसमेत हुन सकेन र २ जना विदेशी नागरिकसहित १९ जनाको मृत्यु भयो भने २५ जना घाइते भएका छन् । ओमपत्नीको हातमा चोट लागेको छ ।

'उहाँको शव बुझिसकेका छौं । दमौली ल्याएर मृत्यु संस्कार गर्ने तयारी छ । काकीको हात फ्याक्चर भएको छ,' यातायात व्यवसायीसमेत रहेका ओमका भतिज पर्ने हेमन्त मल्लले भने, 'यो दर्दनाक घटनाले काकाको परिवार हामी आफन्तलाई मात्र होइन, सिंगो देशलाई शोकाकुल बनाएको छ ।'

साउदी जाने भएपछि त्यो बेला ओमको गाडी पनि हेमन्तले नै लिएका थिए । अहिले ओमसहितले करिब ७२ लाख रुपैयाँ गाडीमा लगानी गरेको हेमन्त सुनाउँछन् ।

रात्रि बस भएकाले चालक राखेका थिए भने उनी आफैं पनि गाडी चलाउँथे । पछिल्लो पटक मोटोपनले उनको शरीरलाई गाह्रो बनाउँदै लगिरहेको भए पनि मिहिनेत गर्न नछोडेको पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीका पूर्वअध्यक्ष योगेन्द्र केसी बताउँछन् । केसीका अनुसार उनमा कुनै पनि कुलत थिएन, बरु कामको तल थियो ।

'उनी एक मिहिनेती र प्रेरणादायी पात्र थिए । जो, चालक हुँदै गाडी धनी बनेर आफैं पनि चलाउँथे । शरीरलाई स्वास्थ्य समस्याले दु:ख दिन थालेको भए पनि ओम आफैं खटिन्थे,' केसीले भने, 'ज्यान हत्केलामा राखेर हिँड्नुपर्ने यो पेसामा ओमले छिट्टै ज्यान गुमाए ।'

*(स्रोत: अनलाइनखबर)*

निर्वाचन प्रचारप्रसारमा बालबालिकाको प्रयोग नगर्न/नगराउन ध्यानाकर्षण

# शिक्षकलाई आयोगको चेतावनी: प्रचारमा सहभागी भए कडा कारबाही




साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ निर्वाचन आयोगले निर्वाचन आचार सहिंतामा तोकिएको मापदण्डविपरित पार्टीका झण्डा, पम्प्लेट र चुनावचिन्ह एवं निर्वाचन प्रचारप्रसारमा बालबालिकाको प्रयोग नगर्न/नगराउन सबै राजनीतिक दल र उम्मेदवारलाई ध्यानाकर्षण गराएको छ ।

आयोगले सोमवार पत्रकार सम्मेलनको आयोजना दलहरुलाई यस्तो ध्यानाकर्षण गराएको हो । पत्रकार सम्मेलनमा आयोगका सहसचिव तथा प्रवक्ता नारायणप्रसाद भट्टराईले केही राजनीतिक दल तथा उम्मेदवारले आफ्ना झण्डा तथा निर्वाचन चिन्ह बोकाउने, लोगो प्रदर्शन गराउने, सांस्कृतिक कार्यक्रम र जुलुसमा सहभागी गराउने जस्ता गतिविधिमा बालबालिकालाई प्रयोग गरेको सम्बन्धमा उजुरी प्राप्त भएको भन्दै त्यसतर्फ राजनीतिक दललाई सचेत गराए ।

उनले नेपालको संविधानको धारा ३९, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा निर्वाचन आचारसंहिता, २०८२ को प्रावधान उल्लेख गर्दै बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण र सर्वाङ्गीण विकासको अधिकार सुनिश्चित गर्नुपर्ने संवैधानिक दायित्व रहेको सरोकारवाला पक्षलाई स्मरण गराए । निर्वाचन आचार संहिता, २०८२ को दफा १३ (१) (ट) मा निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने स्पष्ट व्यवस्था रहेको उल्लेख गर्दै उनले आचारसंहिता उल्लंघन भएको पाइएमा एक लाख रुपैयाँसम्म जरिवाना वा उम्मेदवारी रद्दसम्मको कारबाही हुन सक्ने चेतावनी दिएका छन् ।

उनले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न गराउन निर्वाचन आचारसंहिताको पूर्णरुपमा पालना गर्न सबै राजनीतिक दल एवं उम्मेदवारलाई आह्वान गरे । त्यसैगरी निर्वाचन आयोगले निर्वाचन प्रचारप्रसार लगायत गतिविधिमा संलग्न हुने शिक्षणसंस्थामा आवद्ध शिक्षक, प्राध्यापक तथा कर्मचारीलाई कडा कारबाही हुने चेतावनी दिएको छ । प्रवक्ता भट्टराईले कुनै राजनीतिक दल वा उम्मेदवारको प्रचारप्रसारमा उनीहरु सहभागी भएको उजुरी आएको उल्लेख गर्दै उनीहरुलाई कानूनबमोजिम कडा कारबाही हुने चेतावनी दिए ।

आयोगले निर्वाचन आचारसंहिता र सो सम्बन्धि कानूनी व्यवस्थामा उनीहरुको पदसम्म नरहने गरी कारबाही हुने व्यवस्था भएकाले त्यस्ता खालका गतिविधिमा सहभागी नहुन शिक्षक, प्राध्यापकलाई सचेत गराएको छ । आयोगले निर्वाचन आचारसंहिता पूर्णपालना गराउने काममा केन्द्रित हुनपनि सम्बन्धित सबै पक्षलाई सचेत गराएको छ ।

प्रवक्ता भट्टराईले निर्वाचन आचारसंहिताको पूर्णपालनाको विषयमा जिल्ला आचारसंहिता अनुगमन समिति, निर्वाचन अधिकृत, निर्वाचन आचारसंहिता अनुमगन अधिकृत, तथा निर्वाचन कार्यालयबाट आवश्यक अनुगमनका गर्नका लागि पुन: सचेत गराएको बताए ।

# साम्बाले देशलाई धेरै दिइन्, सरकारले दिएन उपचार



काठमाडौं/नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी 'साम्बा'ले आफ्नो उपचारका लागि आर्थिक सहयोग मागिन् । उनले अखिल नेपाल फुटबल संघ (एन्फा) र सरकारबाट सहयोग नपाएको भन्दै सोमबार सामाजिक सञ्जालमार्फत सार्वजनिक रुपमै सहयोगको अपिल गरेकी हुन् ।

नेपाललाई जित दिलाउन मैदानमा धेरैपटक लडेकी साम्बालाई उपचारका लागि सरकार र एन्फाबाट पहल हुन सकेन । जसका कारण उनी सार्वजनिक रुपमा आर्थिक सहयोगको अपिल गर्न बाध्य छिन् । एन्फा प्रवक्ता सुरेश शाह त्यस विषयमा छलफल गर्न लागिएको भन्दै तर्किए । युरोपेली लिगदेखि अस्ट्रेलियाको निन्जा ए-लिगसम्म नेपाली फुटबललाई चिनाउने खेलाडी हुन्, साम्बा । गत वर्षको कात्तिकमा भारतविरुद्ध घरेलु मैदानमा हार नजिक पुगेको नेपाललाई बराबरीमा फर्काउँदै जित निकाल्ने खेलाडी हुन्, साम्बा । नेपाली महिला टोलीका लागि सर्वाधिक गोल गर्ने खेलाडी पनि हुन्, उनी ।

कयौंपटक नेपालको जितमा निर्णायक गोल गर्ने खेलाडी पनि हुन् । तर, उनै साम्बा घाइते हुँदा राष्ट्र र एन्फाले केही दिन सकेन । र उनी आफ्नो उपचारका लागि सार्वजनिक रुपमा सहयोगको याचना गर्न बाध्य छिन् । राष्ट्रिय टोलीकी कप्तानले उपचारका लागि सार्वजनिक रुपमा अपिल गर्नुपर्ने अवस्था आउनु दुखद रहेको नेपाल फुटबल खेलाडी संघका अध्यक्ष विक्रम लामा बताउँछन् ।

'सावित्राको योगदानलाई ५ लाखमा मुल्यांकन गर्नु दु:खद कुरा हो,' उनी भन्छन्, 'आफू विदेश घुम्न जाँदा हुँदा ५०-६० लाख खर्च गर्ने तर, खेलाडी घाइते हुँदा उपचार खर्च नदिने कस्तो नेतृत्व ?' साम्बाको घुँडाको एसीएलमा यसअघि शल्यक्रिया गरेर हालिएको ग्राफ्ट र एमसिएल दुवैमा गम्भीर चोट लागेको कारण जटिल शल्यक्रिया गर्नुपर्ने अवस्था छ । त्यसको उपचारका लागि कुल ८० हजार अमेरिकी डलर खर्च लाग्ने साम्बाले लेखेकी छन् । तर, एन्फाले ५ लाख रुपैयाँ मात्र सहयोग गर्न सक्ने प्रतिक्रिया दिएको साम्बाले बताइन् । सरकारी प्रक्रिया समेत अपेक्षा गरेअनुसार अघि बढ्न नसकेको साम्बाले दुखेसो गरिन् ।

राष्ट्रिय खेलकुद परिषद् राखेपका सदस्य सचिव रामचरित्र मेहता साम्बालाई डकुमेन्ट पेस गर्न भनेको भएपनि अहिलेसम्म आइनपुगेको बताउँछन् । 'डकुमेन्ट ल्याएर हाम्रोमा दिनु भनेको हो । एक लाखसम्म सहयोग गर्ने मैले सोचिराखेको छु,' उनले भने, 'डकुमेन्ट नै आएको छैन ।'

अहिले नेपालमा खेलाडी उपचार नपाएर बस्नुपर्ने अवस्था नभएको सदस्य सचिव मेहताको दाबी छ । उनी भन्छन्, 'खेलाडी उपचार नपाएर बस्नुपर्ने अवस्था छैन । खेलाडी बिमामार्फत हुन्छ । रातो किताबमै समावेश भएर आएको छ ।' त्यसबारे कुनै जानकारी नआएको युवा तथा खेलकुद मन्त्रालयका सहसचिव रमेश ढकालले जानकारी दिए । उनले आएपछि मात्रै के गर्ने भन्नेबारे छलफल हुने उल्लेख गरे ।

खेलाडीको नाममा फिफाबाट अर्बौं बजेट ल्याउने र आफ्नो अनुकूलका विषयमा खर्च गर्ने परम्परा एन्फामा नयाँ होइन । नेपाली फुटबलको सबैभन्दा ठूलो प्रतियोगिता 'ए' डिभिजन लिग सञ्चालन नभएको ३ वर्ष हुन लाग्यो । 'ए' डिभिजन लिग गर्न नसकेको एन्फाले भने पदाधिकारीको तलब बढाउन पछि पर्दैन । कार्यकाल नसकिँदै आफ्नो फाइदाका लागि अधिवेशन गरेर खर्च गर्न पछि नहट्ने एन्फाले देशका लागि खेल्ने खेलाडीको उपचार गर्न भने वेवास्ता गर्छ ।

एन्फाभित्र क्लबको लागि खेल्दा चोट लागेको भनेर तर्किन खोजेको साम्बाले उल्लेख गरेकी छन् । आफू आफ्नो करियरको सबैभन्दा कठिन लडाइँ भएको उनले बताएकी छन् । उनीमात्र होइन, देशका लागि खेल्ने कयौं खेलाडीहरु घाइते भएपछि पुन: खेलमा फर्किन सकेका छैनन् । देशले खेल्नेबेला मात्रै हेर्ने र घाइते हुँदा उपचारमा वास्ता नगर्दा खेलाडीहरुको बिचमै खेल जिवनलाई अन्त्य हुने गरेको छ । देशको नेतृत्व गरिसकेकी साम्बाको उपचारमा एन्फाले किन सहयोग गर्न सकेन ? साम्बाको उपचारमा सहयोग गर्नु सरकारले जिम्मेवारी होइन ? देशलाई नेतृत्व गरेको कप्तानले नै उपचारमा सहयोग नपाएर सार्वजनिक रुपमा अपिल गर्नुपर्ने अवस्था भएको नेपालमा अन्य खेलाडीको हालत कस्तो होला ? त्यसबारे सम्बन्धित निकायले नै जवाफ देला ।

*(स्रोत: अनलाइनखबर)*

## 'मिस-इन्फर्मेसन' र 'डिस-इन्फर्मेसन'...

यिनले एआईबाट सिर्जित भ्रामक सूचनाहरु पहिचान गर्ने विधिहरु पनि सिकाउँछन् । पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले चुरोट तान्दै गरेको फोटो होस् वा चन्द्रौटा महोत्सवमा ज्योति मगर नाच्दै गर्दा स्थानीयहरुले ढुङ्गामुढा गरेको तथ्यजाँचबाट भ्रामक भएको यी टुल्सहरुले दावी गरेका छन् ।

मतदाताहरू सूचनाको विश्वसनीयतामा सचेत हुनुपर्दछ । प्राय: भ्रामक समाचारका हेडलाइनहरू उत्तेजित पार्ने खालका हुन्छन् । त्यसैले हेडलाइनमा मात्र विश्वास नगरी समाचारको लेखक र आधिकारिक स्रोत खोज्नुपर्छ । यदि कुनै कुरामा अलिकति पनि शंका छ भने त्यसलाई आफ्नो टाइमलाइन वाल वा ग्रुपमा शेयर नगर्नु नै उत्तम हुन्छ । सूचनाको बाढी आउनु आफैंमा समस्या होइन बरु नागरिकमा सूचना साक्षरताको अभाव हुनु मुख्य चुनौती हो । तसर्थ प्रत्येक नागरिकले हरेक डिजिटल सूचनालाई सत्य, सान्दर्भिक र स्रोत खुलेको छ कि छैन भनी जाँच्ने संस्कार बसाल्नुपर्ने मत पुस्तकालयकर्मी लालबहादुर चौहानको रहेको छ ।

सरकार र नागरिक समाजले निर्वाचन केन्द्रित गाउँगाउँसम्म इन्टरनेटको सही प्रयोगबारे शिक्षा पुर्‍याउनुपर्छ । सामाजिक सञ्जालका कम्पनीहरूसँग समन्वय गरी निर्वाचन आचारसंहिता विपरीतका सामग्रीहरू तत्काल हटाउने संयन्त्र बनाउने र जानीजानी भ्रामक सूचनाबाट अफवाह फैलाउनेलाई साइबर कानुन र निर्वाचन कानुनअन्तर्गत कडा कानुनी दायरामा ल्याउने कार्यमा राज्यले ढिलाइ गर्नुहुँदैन । स्वच्छ निर्वाचनका लागि मतपेटिकाको सुरक्षा जति महत्त्वपूर्ण छ मतदाताको विवेकलाई भ्रमबाट जोगाउनु त्यति नै आवश्यक रहेको अधिवक्ता विदुर पौड्यालको बुझाइ छ ।

आन्दोलनको खरानीबाट नयाँ नेपाल बनाउने सपना देखिरहेका नेपालीका लागि यो चुनाव केवल संसद्का लागि प्रतिनिधि छान्ने माध्यम मात्र नभई सत्य र असत्यबीचको लडाइँ पनि हो । यदि हामीले डिजिटल भाइरसका रूपमा फैलिएको भ्रामक सूचनालाई परास्त गर्न सकेनौं भने लोकतन्त्र केवल एउटा शब्दमा सीमित हुनेछ । सूचनाको यो विशाल बाढीमा साँचो र झुटो छुट्याउन सक्ने विवेक नै आजको समयको सबैभन्दा ठूलो शक्ति हो । कुनै सूचना तयार गर्दा वा शेयर गर्नुअघि एकपटक गम्भीर भएर सोचौं- त्यो सूचनाले समाजमा कस्तो सन्देश प्रवाह गर्दैछ र यसले समाजलाई कुन दिशामा डोर्‍याउँदै छ ? हाम्रो सानो सचेतनाले समाजलाई मिस-इन्फर्मेसन र डिस-इन्फर्मेसनको चङ्गुलबाट जोगाउन सक्छ र लोकतन्त्रको वास्तविक मर्मलाई जीवन्त राख्न मद्दत पुर्‍याउँछ ।

*(साभार: न्यूज अफ नेपाल)*

## नेकपा बहुमतका काभ्रे इन्चार्ज र जिल्ला सचिव पक्राउ

काभ्रेपलाञ्चोक/धर्मेन्द्र बास्तोला नेतृत्वको नेकपा (बहुमत) का केन्द्रीय सदस्य एवं काभ्रेपलाञ्चोक इन्चार्ज सुन्तली थोकर र जिल्ला सचिव प्रकाश विशुंखे पक्राउ परेका छन् । थोकर नेकपा बहुमतकी केन्द्रीय सदस्य पनि हुन् भने विशुंखे पाँचखाल इन्चार्ज हुन् ।

जिल्ला प्रहरी प्रमुख एसपी कोमल शाहका अनुसार, थोकरलाई पनौती एरिया तथा विशुंखेलाई पाँचखालबाट पक्राउ गरिएको हो । निर्वाचन बिथोल्ने रणनीतिको आशंका तथा व्यवसायीहरुलाई धम्क्याएको आरोपमा पक्राउ गरिएको एसपी शाहले बताए । उनीहरूमाथि फागुन २१ मा हुन लागेको निर्वाचनको बिरोध तथा गत फागुन ५ गते पार्टीले नेपाल बन्दको आयोजना गरी विभिन्न व्यवसायीलाई धम्क्याएको आरोप छ ।

# २२ वटा हातहतियार बुझाइयो

साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ आसन्न निर्वाचनलाई शान्तिपूर्ण र भयरहित बनाउने उद्देश्यले सरकारको आव्हानपछि मकवानपुरमा इजाजत प्राप्त हातहतियारमध्ये २२ वटा हातहतियार जिल्ला प्रहरी कार्यालयमा बुझाइएको छ । जिल्लामा साना तथा ठुला गरी जम्मा ४७ हातहतियार राख्नका लागि इजाजत रहेकोमा आसन्न निर्वाचनलाई लक्षित गरी २२ वटा हतियार जिल्ला प्रहरी कार्यालयमा बुझाइएको हो ।



व्यक्तिगतरुपमा इजाजत पत्र प्राप्त हतियारमध्ये जिल्लामा १६ वटा बैंकमा आबद्ध सुरक्षा गार्डले प्रयोग गर्न इजाजत रहेकोमा ति हतियार निर्वाचनको अन्तिमतयारीको क्रममा बुझाउने जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीले जानकारी दिए ।

हातहतियार धनीमध्ये कतिपयको इजाजत मकवानपुरमा भएपनि बसाइसराइ भएर बाहिरी जिल्ला गएका तथा हाल बिदेशमा रहिरहेका व्यक्तिका इजाजत प्राप्त हातहतियार प्राप्त संख्या कम देखिएको बोगटीले स्पष्ट पारे ।

गत माघ ६ गते जिल्ला प्रशासन कार्यालय मकवानपुरले सूचना जारी गर्दै फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र, भयरहित शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउन सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै मकवानपुर जिल्लाभित्र व्यक्तिगतरुपमा राखिएका इजाजत प्राप्त हातहतियार १५ दिनभित्र नजिकको प्रहरी इकाई वा जिल्ला प्रहरी कार्यालय, मकवानपुरमा अनिवार्यरुपमा बुझाउन अनुरोध गरेको थियो । यसरी बुझाइएका हातहतियार निर्वाचनकार्य सम्पन्न भएको १ महिना पश्चात् सम्बन्धित धनीले फिर्ता पाउने गरी सुरक्षित साथ राखिने प्रवक्ता बोगटीले जानकारी दिए ।

तोकिएको समयसीमाभित्र हातहतियार नबुझाएमा वा अटेर गरेमा प्रचलित कानुन बमोजिम कारबाही अगाडि बढाइने सूचना मार्फत् जिल्ला प्रशासन कार्यालयले जानकारी गराएको छ ।

नेपालमा आधुनिक हातहतियारको इजाजत (लाइसेन्स) लिने कानुनी व्यवस्था हातहतियार खरखजाना ऐन, २०१९ जारी भएपछि सुरु भएको थियो । यो ऐन जारी भएपछि सर्वसाधारणले पनि इजाजत लिएर हतियार राख्न पाउने वि.सं. २०१९ मा राजा महेन्द्रको शासनकालमा लागू गरिएको थियो ।

प्रशासनको अनुमति लिएर पिस्तोल, रिभल्भर, राइफल, टोटावाला बन्दुक, भरुवा बन्दुक र एयर गन जस्ता हतियार राख्न पाइने व्यवस्था छ । यस कानुनको अधिनमा रही हतियारको इजाजत प्राप्त गर्न इच्छुक व्यक्तिले सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनुपर्छ र प्रमुख जिल्ला अधिकारीले जाँचबुझ गरी इजाजत दिने वा नदिने निर्णय गर्छन् । साथै इजाजत प्राप्त हतियारको प्रत्येक वर्ष इजाजत नवीकरण गराउनुपर्ने कानुनी व्यवस्था छ ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# विकास र सुशासनलाई जोड दिँदै गौतमको प्रतिबद्धतापत्र सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का तर्फबाट मकवानपुर क्षेत्र नं. १ का उम्मेदवार बिजय गौतमले आफ्नो प्रतिबद्धतापत्र सार्वजनिक गरेका छन् ।

सोमबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै गौतमले प्रतिबद्धतापत्र सार्वजनिक गरेका हुन् । उनले प्रतिबद्धतापत्रमा भौतिक पूर्वाधार, सुशासन, कृषि, स्वास्थ्य, पर्यटनलगायत विषयलाई मुख्य प्राथमिकतामा राखेका छन् । ग्रेटर हेटौंडा चक्रपथ निर्माणलाई प्राथमिकतामा राख्ने, हेटौंडा उपमहानगरलाई महानगरपालिका बनाउन प्रयत्न गर्ने, कर्रा र राप्ती खोलामा करिडोर निर्माण गरी यातायात सेवा सुचारु गर्ने उनको प्रतिबद्धता रहेको छ । राजमार्ग ऐन अन्तर्गत हेटौंडा नगरको विस्तार गर्दा पीडित पक्षलाई उचित मुआब्जा र क्षतिपूर्तिको व्यवस्था गर्न पहल गर्ने उल्लेख गरिएको छ ।



‘राईगाउँ-क्यान्टिन मोटर बाटो, निजगढ-दोभान-फापरबारी-ललितपुर हुँदै काठमाडौँ जाने बाटो, शहिद रुद्र मार्ग कान्तिलोकपथ जोड्ने मोटर बाटो निर्माणलाई प्राथमिकता दिएको छु’ गौतमले भने, ‘टोलदेखि वडा कार्यालय, वडा कार्यालयदेखि पीलिका केन्द्र जोड्ने बाटोलाई विशेष जोड दिनेछु ।’ त्यसैगरी, हेटौंडा-गढी-बकैया-बागमती जोड्ने सडकको स्तरोन्नति गर्न पहल गर्ने, प्रत्येक घरमा स्वच्छ खानेपानी, ग्रामीण क्षेत्रमा शतप्रतिशत विद्युत् पहुँच, सबै वडामा इन्टरनेट सेवा विस्तार र एकीकृत नमुना बस्ती विकास कार्यक्रमलाई पनि उच्च प्राथमिकता दिइने बताइएको छ ।

यसैगरी गौतमले भ्रष्टाचारमुक्त, पारदर्शी र जवाफदेही प्रशासनका लागि खबरदारी गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । डिजिटल सेवा विस्तार, ई-सेवा प्रणाली सुदृढीकरण तथा जनप्रतिनिधि-जनता प्रत्यक्ष संवाद कार्यक्रम सञ्चालन गर्ने योजना पनि सार्वजनिक गरेका छन् ।

त्यसैगरी उनले प्रतिबद्धता पत्रमा आधुनिक कृषिप्रविधि, सिचाई सुविधा विस्तार गरी उत्पादन बृद्धि गर्ने उल्लेख गरेका छन् । गढी, बकैया, बागमती र हेटौडाका विभिन्न क्षेत्रमा व्यावसायिक कृषि जोन विकास, सिँचाइ सुविधा विस्तार र पशुपालन प्रवर्द्धनमार्फत उत्पादन वृद्धि गर्ने लक्ष्य राखिएको छ ।

हेटौंडा औद्योगिक क्षेत्र विस्तार, मयूरधाप औद्योगिक क्षेत्र सञ्चालन, साना तथा घरेलु उद्योग प्रवर्द्धन र युवालाई सहुलियत ऋणमार्फत उद्यमशीलता विकास गर्ने योजना अघि सारिएको छ । पर्यटनतर्फ ऐतिहासिक मकवानपुर गढी दरबार संरक्षण, प्राकृतिक तथा सांस्कृतिक सम्पदाको प्रवर्द्धन, होमस्टे विकास र आन्तरिक पर्यटनमार्फत रोजगारी सिर्जना गर्ने प्रतिबद्धता जनाइएको छ । गुणस्तरीय सामुदायिक विद्यालय, प्राविधिक तथा सीपमूलक शिक्षाकेन्द्र स्थापना र विपन्न वर्गका लागि छात्रवृत्ति व्यवस्था गर्ने घोषणा गरिएको छ ।

स्वास्थ्यक्षेत्रमा गाउँपालिका स्तरमा सुविधासम्पन्न स्वास्थ्य केन्द्र, आमा-बाल तथा ज्येष्ठनागरिक लक्षित कार्यक्रम र हेटौंडा अस्पतालमा विशेषज्ञ सेवा विस्तारमा प्राथमिकता दिने उल्लेख छ । युवा तथा वैदेशिक रोजगारीबाट फर्किएकालाई पुन:स्थापना र नवप्रवर्तनमा सहयोग, महिलाको नेतृत्व विकास, उद्यमशीलता र आर्थिक सशक्तिकरण, एक वडा एक महिला उद्यम कार्यक्रम, विधवा तथा एकल महिलाका लागि शिक्षा, सीप र रोजगारी सिर्जना, सामाजिक सुरक्षा कोष वृद्धि, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति र अल्पसंख्यक अधिकार सुनिश्चित गर्ने योजना उल्लेख गरिएको छ ।

तामाङ, चेपांग, राई-दनुवार, माझी समुदायको संस्कृतिको संरक्षण, शिशु स्याहार केन्द्र स्थापना र बालअधिकारको सुरक्षा गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । वन, नदी र प्राकृतिक स्रोत संरक्षण, बागमती, बकैया र मकवानपुर गढीमा बाढी-पहिरो नियन्त्रण र तटबन्ध निर्माण, वातावरणमैत्री विकास र हरित अभियान, चुरेक्षेत्र संरक्षण, लालपुर्जा वितरणमा उच्च प्राथमिकता, हरित उर्जा प्रवर्द्धन र ‘एक सामुदायिक वन, एक उद्यम’ कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता पत्रमा समेटिएको छ ।

मध्यवर्ती क्षेत्र र आरक्षको समस्या समाधानलाई पनि उनले प्राथमिकतामा राखेका छन् । गौतमले भ्रष्टाचार, कमिसन र तस्करी जस्ता बेथितिको अन्त्य गर्दै सुशासन, विकास र समृद्धिसहितको स्थिर सरकार निर्माणका लागि मतदाता समक्ष आफूलाई मतदान गर्न अपिल गरेका छन् । संविधानमा समयानुकूल आवश्यक संशोधन र सामाजिक न्यायसहितको समावेशी लोकतन्त्र सुदृढ गर्न मत निर्णायक हुने विश्वास व्यक्त गरे ।

## जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता स्थगित

# नगरस्तरीय रनिङ्शील्डको उपाधि भुटनदेवी माविलाई



साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ मकवानपुर जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता स्थगित भएको छ । सोमबारदेखि सुरुहुने भनिएको प्रतियोगिता निर्वाचन आचारसंहिता र सुरक्षा व्यवस्थाका कारण स्थगित गरिएको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तानले जानकारी दिएका छन् ।

समितिले आइतबार सूचना जारी गरी अर्को निर्णय नभएसम्मका लागि प्रतियोगिता स्थगित गरिएको जनाएको छ । गत माघ २५ गते हेटौंडा-४ स्थित जिल्ला खेलकुद विकास समितिको कार्यालयमा अध्यक्ष मोक्तानको सभाध्यक्षतामा बसेको बैठकले फागुन ११ गतेदेखि १३ गतेसम्म प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको थियो । यो प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताका लागि छनोट प्रतियोगिता हो । हेटौंडा उपमहानगरपालिकास्तरीय राष्ट्रपति रनिङशिल्डको उपाधि हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयले जितेको छ ।

शुक्रबारदेखि आइतबार सम्म भएको प्रतियोगितामा भुटनदेवी माविले ११ स्वर्ण, ८ रजत र ६ कास्य पदकसहित उपाधि उचालेको हो । प्रतियोगितामा ६ स्वर्ण, ६ कास्य र ७ रजतसहित जनप्रिय माध्यमिक विद्यालय द्वितीय र ६ स्वर्ण मात्रै जितेको तुलसी मेहर मेमोरियल माध्यमिक विद्यालय तृतीय भएको छ । शुक्रबार प्रतियोगिताको उद्घाटनमा भएको मार्चपासमा बालउज्वल माध्यमिक विद्यालय प्रथम, सिद्धार्थ माध्यमिक विद्यालय द्वितीय, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय र सिद्धार्थ शिशुसदन माध्यमिक विद्यालय तृतीय हुन सफल भएका छन् ।

मार्चपासमा प्रथम, द्वितीय र तृतीय भएका विद्यालयले क्रमश: ७ हजार, ५ हजार र ३ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेको प्रतियोगिता संयोजक राजाराम पोखरेलले जानकारी दिए । राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताअन्तर्गत उसु, कराते, तेक्वान्दो, भलिबल, कबड्डी र एथ्लेटिक्स विधाका खेल भएको थियो । एथ्लेटिक्स विधाका खेलमा छात्रातर्फ श्रमिक माध्यमिक विद्यालयकी हसिना खातुन र छात्रतर्फ भुटनदेवी माविका आशीष यादव उत्कृष्ट खेलाडी घोषित भएका छन् । खातुनले ३ स्वर्ण, १ कास्य र १ रजत जितेकी छन् भने यादवले ४ स्वर्ण हात पारेका छन् ।

भलिबलमा ज्ञानोदय माध्यमिक विद्यालयकी अप्सना उप्रेती उत्कृष्ट छात्रा खेलाडी र आधुनिक राष्ट्रिय माविका रियाज थोकर उत्कृष्ट छात्र खेलाडी घोषित भएका हुन् । कबड्डी प्रतियोगितामा छात्रतर्फ प्रगति माध्यमिक विद्यालय प्रथम र सिद्धार्थ माध्यमिक विद्यालय द्वितीय भएको छ । छात्रातर्फ भृकुटी माध्यमिक विद्यालय प्रथम र हेटौंडा एकेडेमीले द्वितीय स्थान हासिल गर्न सफल भएका छन् । प्रतियोगिताका उत्कृष्ट खेलाडीले ट्रफी र प्रमाणपत्र प्राप्त गरेका छन् ।

हेटौंडा उपमहानगरको आयोजना तथा हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको व्यवस्थापनमा प्रतियोगिता भएको हो । आधुनिक राष्ट्रिय मावि व्यवस्थापन समितिका अध्यक्ष मोहमद समिमको सभाध्यक्षतामा भएको पुरस्कार वितरण कार्यक्रममा हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखा प्रमुख हरिचन्द्र सापकोटाको प्रमुख आतिथ्य रहेको थियो ।

# रास्वपा त्यागेर कांग्रेसमै फर्किए पराजुली




साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुरका सभापति भरत पराजुलीले पार्टी परित्याग गरेका छन् । उनी ३० वर्ष राजनीतिक जीवन बेतित गरेको पुरानै घर नेपाली कांग्रेसमा फर्किएका हुन् ।

रास्वपा मकवानपुरले सोमबार हेटौंडा उपमहानगरपालिका-४, स्थित हुप्रचौरमा सभा आयोजना गरिरहँदा सभापति पराजुली सर्लाही पुगेर कांग्रेस प्रवेश गरेका हुन् । पराजुलीलाई नेपाली कांग्रेस सभापति गगन थापाले सर्लाहीमा कांग्रेस प्रवेश गराएका छन् । पराजुलीसहित रास्वपा मकवानपुरका नेताहरु आइतबार राति नै सर्लाही पुगेका थिए । कांग्रेस सभापति थापासँगको भेटपछि पराजुलीले पार्टी नेतृत्व शैलीमाथि प्रश्न उठाउँदै पार्टी परित्याग गरेको समाजिक सञ्जाल मार्फत घोषणा गरेका छन् ।

‘समयक्रममा पार्टीभित्र देखिएका प्रवृत्तिले मलाई गम्भीररुपमा सोच्न बाध्य बनायो । हामीले जुन उद्देश्य, मूल्य र आदर्शका साथ पार्टीलाई बुझेका थियौं, व्यवहारमा त्यसको ठीक विपरीत अवस्था विकसित हुँदै गएको महशुस भयो,’ पराजुलीले भने, ‘सीमित व्यक्तिहरुको प्रभाव, चाकरीवाद, आलोचनालाई अस्वीकार गर्ने संस्कार तथा आन्तरिक लोकतन्त्र कमजोर हुँदै गएको अवस्थाले निराश बनायो ।’ मनहरी गाउँपालिका-४ मसिने घरभएका पराजुली ६ मंसिर २०८१ मा भएको पार्टीको पहिलो जिल्ला भेलाबाट सर्वसम्मतरुपमा पुन:सभापति चयन भएका थिए । पुरानो दल नेपाली कांग्रेस छोडेर उनी रास्वपामा नेतृत्व लिन पुगेका थिए ।

उनी २०७९ को प्रतिनिधि सभा निर्वाचनमा मकवानपुरको क्षेत्र नम्बर २ बाट उम्मेदवार बनेका थिए । पराजुलीले १२ हजार ३९ मत ल्याएर तेस्रो भएका थिए । यस क्षेत्रबाट नेकपा एमालेका महेश बर्तौला ३४ हजार ९ सय १६ मत ल्याउँदै ४ हजार ५२० मतान्तरसहित विजयी भएका थिए । तत्कालीन नेकपा (एकीकृत समाजवादी)का विरोध खतिवडाले ३० हजार ३९६ मत पाएका थिए । पराजुली फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा पुन: उम्मेदवार हुन चाहान्थे । पार्टी कार्यालय काठमाडौंमा टिकट लिन पुगेका थिए । तर, उनकै अगाडि मनहरी गाउँपालिका घरभएका २५ वर्षीय प्रशान्त उप्रेतीले टिकट लिएपछि उनी रित्तो हात फर्किएका थिए ।

पार्टीले टिकट नदिएपछि असन्तुष्ट बनेका उनी कांग्रेस मकवानपुरका शीर्ष नेतासँग संवादमा थिए । ‘उहाँले टिकट नपाएपछि सभापति रवि लामिछानेज्युले उम्मेदवारी दर्ताको अघिल्लो दिनमा फोन गर्नुभएको थियो । पार्टीले तपाईंको त्यागको मूल्यांकन गर्छ भन्नु भएको थियो । तर, उहाँ (पराजुली)ले आफ्नो पुरानै घर रोज्नु भयो,’ उनका सहयोगी एक नेताले भने । पराजुली नेपाली कांग्रेसका पुराना नेता हुन् । शालिन र भद्र स्वभावका पराजुलीले जिल्लाको पश्चिमीक्षेत्रमा राम्रो राजनीतिक छवि स्थापित गरेका छन् ।

# ‘आगो होइन, उज्यालो रोजौँ’-एमाले उम्मेदवार राना

साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ आगामी फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनलाई लक्षित गर्दै नेकपा एमाले मकवानपुर क्षेत्र नम्बर १ का उम्मेदवार रामेश्वर रानाले हेटौंडा उपमहानगरपालिका वडा नम्बर १७ र १८ मा आयोजना गरिएको भेटघाटमा मतदातासँग संवाद गरेका छन् ।

कार्यक्रममा उम्मेदवार रानाले फागुन २१ को निर्वाचनलाई केवल प्रतिनिधि छान्ने प्रक्रिया नभई देशको भविष्यको दिशा तय गर्ने ऐतिहासिक अवसरबको रुपमा व्याख्या गरे । उनले भावनात्मक उत्तेजनाभन्दा विवेकपूर्ण निर्णय आवश्यक रहेको उल्लेख गर्दै वर्तमान राजनीतिक परिस्थितिमा स्थायित्व र जिम्मेवार नेतृत्वको खाँचो औंल्याए । रानाले इतिहासका कोतपर्व र भण्डारखाल पर्वजस्ता घटनाले अस्थिरता र अराजकताले राष्ट्रलाई पुऱ्याउने क्षतिको स्मरण गराउँदै पछिल्ला दिनमा देखिएका आगजनी, तोडफोड तथा राज्य संरचनामाथिका आक्रमणप्रति चिन्ता व्यक्त गरे । विशेषगरी सिंहदरबार र सर्वोच्च अदालत जस्ता संवैधानिक संस्थामाथि भएको क्षतिले लोकतान्त्रिक मूल्य र विधिको शासनमाथि चुनौती सिर्जना गरेको उनको भनाइ थियो ।

उनले निर्वाचनलाई आगो सल्काउने र आगो निभाउने शक्ति बीचको छनोटको रुपमा प्रस्तुत गर्दै कानून, संविधान र लोकतान्त्रिक व्यवस्थाको रक्षा गर्ने पक्षमा उभिन मतदातालाई आग्रह गरे । राजनीतिक प्रतिस्पर्धा स्वाभाविक हो तर, राज्य संरचना र संविधानमाथि प्रहार गरेर देश बन्दैन उनले भने देश विधि, नीति र जिम्मेवार नेतृत्वबाट अघि बढ्छ । रानाले नेकपा एमालेले अघि सारेको समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्यलाई दोहोऱ्याउँदै स्थायित्व राष्ट्रियता र विकासको एजेन्डा नै आफ्नो प्राथमिकता रहेको बताए ।

घर, समाज र राष्ट्रलाई जोड्ने राजनीति आवश्यक रहेको उल्लेख गर्दै उनले आपसी सम्मान, अनुशासन र कानून पालनाबिनाको समाज दिगो हुन नसक्ने धारणा राखे । कार्यक्रममा स्थानीय कार्यकर्ता तथा समर्थकले निर्वाचनमा सक्रिय सहभागिता जनाउने प्रतिबद्धता व्यक्त गरेका थिए । फागुन २१ को मतदानलाई गम्भीरतापूर्वक लिन र आवेगभन्दा विवेकलाई प्राथमिकता दिन आग्रह गर्दै कार्यक्रम सम्पन्न भएको थियो ।

**नयाँ रेष्टुरेन्ट खोल्दै हुनुहुन्छ ?**

यो सुनौलो अवसर नछुटाउनुहोस्

चालु अवस्थामा रहेको रेष्टुरेन्टका सम्पूर्ण सामानहरु अत्यन्तै सस्तो मूल्यमा बिक्रीमा उपलब्ध छन् । भान्सा सामग्री, फर्निचर तथा रेस्टुरेन्ट सञ्चालनका लागि आवश्यक सबै सामानहरू एकै ठाउँमा ।

**नयाँ रेस्टुरेन्ट सुरु गर्ने वा अपग्रेड गर्नेहरुका लागि उत्तम मौका।**

**सम्पर्क: ९८५१०२४८६८**

Government of Nepal
Ministry of HomeAffairs
**Bagmati province Police Office**
Hetauda

## Invitation for Online Bids

***Date of second Publication: 2082/11/12( 24 FEB. 2026)***

The Bagmati Province Police Office, Hetauda re-invites electronic bids from registered, eligible, and interested bidders for the procurement of Furniture, furnishing and decoration items under the contract identification NO: SQ/BPPO/GOODS/03/2082/083, in accordance with prevailing public procurement act and regulations. For more detail eligible and interested bidders may visit and download bid documents from e-GP system at: http://www.bolpatra.gov.np/egp.

## निर्वाचनलाई वातावरणमैत्री बनाऔं ।

- सभा, जुलुस, ऱ्याली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं ।
- निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं ।
- निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं ।
- निर्वाचन् प्रचारप्रसारमा सभा, जुलस वा ऱ्यालीमा ध्वनि तथा वायु प्रदूषण न्यून गर्ने उपाय अपनाऔं ।
- निर्वाचन प्रचारप्रसारमा प्लाष्टिकजन्य सामग्रीको प्रयोग नगरौं ।
- निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिऔं ।
- निर्वाचनका समयमा पर्चा/पोष्टर टाँस्ने वा भित्तेलेखन जस्ता कार्य नगरौं/नगराऔं ।
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं ।

*हरित निर्वाचन अभियानलाई सफल पारौं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना